# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०१ नवम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालमा स्पेशल इंटेंसिव रिवीजन (एसआईआर) को प्रक्रिया शुरू हुनु भन्दा पुर्वनै राज्यमा वर्ष 2002 को मतदाता सूची सित वर्तमान मतदाता सूचीको "मैपिंग वा मैचिंग" कार्य गरिएको छ।

- चुनाव आयोग (ईसी) ले आज देखि पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) को लागि बूथ लेवल अधिकारिहरु (बीएलओ) को प्रशिक्षण कार्यक्रम शुरू गरेको छ।

- दार्जीलिंग जिल्लामा भैरहेको लगातार वर्षाको कारण न्यू जलपाईगडी देखि दार्जिलिंग अप अनि डाउन टॉय ट्रेन सेवालाई रद्द गरिएको छ।

- दार्जिलिङको ऐतिहासिक अनि प्रतिष्ठित शैक्षिक संस्था सेन्ट टेरेसा कन्या' उच्चतर माध्यमिक विद्यालयले स्थापनाको एक सय बर्ष पुरा गरेको छ।

- चक्रवात 'मोन्था' को प्रभाव अहिले पूर्ण रुपमा समाप्त भएको छैन। भोली देखि राज्यभरिमै मौसम सामान्य हुने अनि वर्षा कम्ती हुने आशा छ।

**एसआईआर**

पश्चिम बंगालमा स्पेशल इंटेंसिव रिवीजन (एसआईआर) को प्रक्रिया शुरू हुनु भन्दा पुर्वनै राज्यमा वर्ष 2002 को मतदाता सूची सित वर्तमान मतदाता सूचीको "मैपिंग वा मैचिंग" कार्य गरिएको छ। चुनाव आयोगका अनुसार वर्तमानमा 7 करोड़ 66 लाख 37 हजार 529 मतदाताहरु मद्धे मात्र 52 प्रतिशतको मैचिंग भएको छ जबकी बिहारमा यो दर 60 प्रतिशत रहेको थियो । यसैले बंगालको स्थितिलाई लिएर आयोगको चिंता बडीरहेको छ । मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयका एक अधिकारीले बताए अनुसार, कोलकाताको छेउ-छाउका जिल्लाहरुमा स्थिति अझ अधिक चिंताजनक छ। हावड़ामा मैचिंग कार्य 38 प्रतिशतमा अड्किएको छ , उत्तर 24 परगनामा 41 प्रतिशत अनि दक्षिण 24 परगनामा यो कार्य 45 प्रतिशत मात्र संभव भएको छ। दक्षिण कोलकातामा यो दर 35 प्रतिशत जबकि उत्तर कोलकातामा 55 प्रतिशत दर्ता गरिएको छ। यी जिल्लाहरुमा दुई वटा सूचिहरु बीच कम्ती मैचिंगको कारण आधा भन्दा अधिक मतदाताहरुले एसआईआर को अवधि दस्तावेज़ जमा गर्न पर्नेछ। अन्य सीमावर्ती जिल्लाहरुमा पनि स्थिति संतोषजनक छैन। अधिकारिहरुको भनाई अनुसार वर्ष 2002 देखि अहिले सम्म लाखौं मतदाताहरुको मृत्यु, वा अन्य कारणहरेले उनीहरुको पलायन जस्ता कारणहरु हुन सक्छ , तर येती कम्ति औसतको ठोस कारण अहिले सम्म अघि आएको छैन ।येद्धपी केही जिल्लाहरुमा यो दर तुलनामा अधिक रहेको छ । कम्ती औसत मैचिंग दरलाई ध्यानमा राख्दै आयोगले यसलाई गंभीर चुनौती मानेको छ अनि संबंधित ज्ललाहरुमा कारणहरुबारे पत्तो लगाउन विस्तृत पड़ताल शुरू गरेको छ ताकि एसआईआर प्रक्रियाको अवधि मतदाता सूचीलाई पूर्ण रुपमा अद्यतन गर्न सकियोस्। यसै बीच मतदाता सूचीमा विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियाको विरोधमा अखिल भारतीय मतुआ महासंघले आमरण अनशन गर्ने घोषणा गरेको छ। महासंघका संघाधिपति अनि तृणमूल कांग्रेसका राज्यसभा सांसद ममताबाला ठाकुरले एसआईआर लागू भए मतुआ समुदायका धेरै संख्यामा मानिसहरुको नाम मतदाता सूचीबाट हट्न सक्ने बताएका छन्। यस आशंकालाई लिएर उहाले एसआईआर रद्द गर्ने मांग गर्नुभएको छ ।

निर्वाचन आयोग द्वारा 12 राज्यहरु सितै पश्चिम बंगालमा पनि एसआईआर प्रक्रिया शुरू गरिँदैछ । आगामी 4 नवंबर देखि BLO हरु घर-घर गएर  एसआईआर सित संबंधित कार्य गर्नेछन् । त्यसै दिन तृणमूल सुप्रीमो  मुख्यमंत्री ममता बनर्जी अनि टीएमसी का राष्ट्रीय महासचिव अभिषेक बनर्जीले पनि प्रक्रियाको बिरोधमा आंदोलन शुरू गर्नेछन् ।

**चुनाव आयोग**

चुनाव आयोग (ईसी) ले आज देखि पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) को लागि बूथ लेवल अधिकारिहरु (बीएलओ) को प्रशिक्षण कार्यक्रम शुरू गरेको छ । यो प्रशिक्षण विभिन्न जिल्लाहरुमा जारी छ अनि 3 नवम्बर सम्म पूरा गरिनेछ । त्येस पछि 4 नवम्बर देखि 4 दिसम्बरसम्म एसआईआर को  प्रक्रिया चल्नेछ । चुनाव आयोगले बीएलओ हरुका लागि 16 बिंदु दिशा-निर्देश जारी गरेको छ तथा फील्ड ऑपरेशनलाई सुगम बनाउनको लागि एक नया मोबाइल ऐप पनि उपलब्ध गराएको छ । निर्धारित अवधिमा बीएलओ हरुले घर-घर गएर मतदाता सत्यापन अनि फारम भरने काम गर्नेछन् । यस अवधि नयाँ मतदाताहरुलाई सामेल गर्ने , मृत वा स्थानांतरित मतदाताहरुको नाम हटाउने अनि दस्तावेज अपडेट गर्ने  दायित्व बीएलओ हरु माथि रहनेछ । तथापी केही बीएलओ हरुले सुरक्षालाई लिएर  चिंता ब्येक्त गरेका छन् ।

**टॉय ट्रेन सेवा- रद्द**

दार्जीलिंग जिल्लामा गत बिहिबार राती देखि लगातार वर्षा भैरहेको छ । जसको कारण न्यू जलपाईगुड़ी देखि दार्जिलिंग अप अनि डाउन टॉय ट्रेन सेवालाई पनि रद्द गरिएको छ । वर्षाको कारण पहाड़मा पहिरो जाने सम्भावना बनिरहन्छ यसैले दार्जिलिंग हिमालयन रेलवेका अधिकारी सतर्क बनेका छन् ।स्थिति सामान्य नभए सम्म टॉय ट्रेन सेवा रद्द रहनेछ । डीएचआर का निदेशक ऋषभ चौधरीले बताउनु भए अनुसार, भारी वर्षामा  रेलगाड़ी चलाउनु जोखिमपूर्ण  हुने गरेकोले अहिले यसलाई रद्द गरिएको छ । मौसमको स्थितिलाई ध्यानमा राख्दै रेलवेले अघिल्लो कदम उठाउने छ ।

**सेन्ट. टेरेसा दार्जिलिङ**

दार्जिलिङका ऐतिहासिक अनि प्रतिष्ठित शैक्षिक संस्था सेन्ट टेरेसा कन्या' उच्चतर माध्यमिक विद्यालयले स्थापनाको एक सय बर्ष पुरा गरेको छ। यस अवसरमा बिधालयले विविध कार्यक्रमका साथ गत बिहीबारदेखि आफ्नो शताब्दी उत्सवको भव्य आरम्भ गर्दै शिक्षा, अनुशासन र मानव मूल्यप्रतिको आफ्नो शतवर्षीय यात्रालाई गौरवपूर्वक स्मरण गरेको छ। विशेष धन्यवाद प्रार्थना–सभासँग बिधालय परिसरमा शुरु गरिएको उद्घाटन समारोहमा दार्जिलिङ काथोलिक डायोसिसका धर्माध्यक्ष बिशप स्टिफेन लेप्चाले पवित्र मिस्सा सम्पन्न गर्नुभयो। यस अवसरलाई थप प्रतिष्ठित बनाउन विद्यालयका गौरवशाली पूर्व छात्र— फादर पिटर टोप्पो अनि फादर फ्रेडरिक गुरुङसहित अनेकौं पादरीहरूको उपस्थिति रहेको थियो। धार्मिक भव्यताले भरिएको कार्यक्रमले विद्यालयको आध्यात्मिक र शैक्षिक मूल्यप्रति समर्पणलाई पुनः पुष्टि गर्‍यो। विद्यालयको सुमधुर गायक–दलले स्तुतिगानमार्फत वातावरणलाई भक्तिमय र प्रेरणादायी बनाएको थियो ।

'मोन्था'

चक्रवात 'मोन्था' को प्रभाव अहिले पूर्ण रुपमा समाप्त भएको छैन । यस चक्रवाती प्रणालीको कारण हावामा भारी मात्रामा जलवाष्प प्रवेश गरेकोले राज्यको अधिकांश जिल्लाहरुमा बर्षको क्रम भोली आइतबार पनि जारी रहने अनुमान छ । उत्तर बंगालमा  दार्जिलिंग, कालेबुंग , जलपाईगडी , अलीपुरद्वार अनि कोचबिहारको लागी भारी बर्षको चेतावनी जारी गरिएको छ । उत्तर बंगालको पर्वतीय इलाकाहरुमा आगामी बुधवारदेखि  शीत पर्न शुरू हुने अनि राती तापमान लगभग 12 देखि 14 डिग्री सेल्सियस रहने संभावना छ । भोली देखि राज्यभरिमै मौसम सामान्य हुने अनि वर्षा कम्ती हुने आशा छ ।

**20 परिवार स्थानन्तरण**

छोटा रगितको जलस्तर बढेपछि जोखिम क्षेत्रमा बसोबास गर्ने  20 परिवारलाई बिजनबारी महाबिधालयमा अस्थायी रूपमा स्थानान्तरण गरिएको छ। जसमा 8 परिवार थाना लाईन पुलबजार तथा 12 परिवार मनिधारा गाउँबाट

स्थानान्तरण गरिएको जानकारी समष्टि सभासद सन्दिप छेत्रीले दिएका छन। यसको साथमा उहाले डिग्री कलेज गएर सबै वासिन्दाहरूसित भेटघाट गरि कुनै प्रकारको असुविधा भए आफुसँग सम्पर्क गर्ने वचन दिनुभएको छ।

**कालेबुङ म्याराथन**

कालेबुङ जिल्ला पुलिसको आयोजनामा भोली आइतबार सम्पन्न हुन गइरहेको म्याराथन अनि आम रेसलिङको तयारी युद्धस्तरमा चलिरहेको छ। मेला ग्राउन्डमा जिल्ला पुलिस अधिक्षक श्री हरि पाण्डे लगायत उहाको टोली तयारीको निरीक्षण गर्न मेला ग्राउन्ड पुगेका थिए। मौसम प्रतिकूल भएतापनि आयोजनाको निम्ति तयारी युद्धस्तरमा चलिरहेको छ। तयारी सन्तोषजनक भइरहेको जिल्ला पुलिस अधिक्षक श्री हरि पाण्डेले जानकारी गराएका छन्।

**आपबोटे सडक**

निरन्तर रूपमा परेको पानीले गर्दा आँपबोटे घट्टे गाउँ जाने मुख्य सडक क्षतिग्रस्त बनेको छ। केही वर्ष अघिनै यस सडकको लामो अंश दबिएको थियो भने वाहन चालकहरु अनि गाउँवासी द्वारा पटक पटक मर्मत गरी यातायात सुचारु राख्दै आएका थिए। केही दिन अघिदेखि लगातार रूपमा परेको पानीले सडकको आधार देवल सहितको ठूलो अंश पैह्रोले सोहरेर लगेपछि आजदेखि आँपबोटे घट्टे गाउँको यातायात ठप्प भएको छ। जसको प्रत्यक्ष प्रभाव स्थानीय मानिसहरूलाई पर्न गएको छ। पैह्रो गएको खबर सुनेपछि स्थानीय दवाईपानी ग्राम पंचायत वार्ड नम्बर तीनका पन्चायत सदस्यले पैह्रो ग्रस्त क्षेत्रमा पुगी सम्बन्धित निकायका प्रमुखहरूलाई जानकारी दिइएको जनाएका छन्।

शावकको शव फेला

नक्सलबाड़ीको मेरिव्यू चाया बगानमा आज बिहान एक हाथीको शावकको शव फेला परेको छ। हिलोमाटोमा रहेको शवलाई सबैभन्दा पहिला स्थानीय मानिसहरुले देखे पछि यसको सूचना वन विभागको बागडोगरा रेंजका कर्मचारीहरुलाई दिए। बिगत दुई दिनहरु देखि बागडोगरा रेंजको वन क्षेत्रमा 100 भन्दा अधिक हात्तीहरुको एक झुंड घुमिरहेको थियो। झुंडले इलाकामा धेरै अन्न-बालीहरु नष्ट गरेको थियो। हिज राती वन विभागका कर्मचारीहरुले धेरै प्रयास गरेपछि हात्तीहरुको झुंडलाई वन क्षेत्रमा खेद्न सफल भएका थिए। जंगल तर्फ जाँदा हिलोमा फसे पछि झुंडका अन्य हात्तीहरुए कुल्चिंदा शावकको मृतु भएको आशंका छ।

****** ० ******